| २०७७ बैशाख १ देखि भदौ २८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २६६ | ६९ | १९९ | ३९ | ३६ | ११ | ६२ | ० | २०० | **३६७** | **१०५** | **४१०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २६४ | ६९ | १९८ | ३६ | ३५ | ९ | ३२ | ० | ८१ | **३३२** | **१०४** | **२८८** |
| **२०७७ भदौ २८ देखि २९ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ७ | ४ | **११** | ० | ० | **०** | ० | १ | **१** | **७** | ५ | **१२** |

# दैनिक विपद् बुलेटिन

## २८ भदौ विहान १०:०० बजेदेखि २९ भदौ विहान १०:०० बजेसम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर आज **३** स्थानमा **पहिरो, ३** स्थानमा **आगलागी,** २ स्थानमा **अबिरल वर्षा,** २ स्थानमा **जनावर आक्रमण,** १ स्थानमा **चट्याङ्गका** घटना घटेका छन् । यी घटनामा परेर १२ जनाको **मृत्यु,** १ जना **बेपत्ता,** १२ जना **घाईते** भएका छन् । आगालगीका कारण **१५ लाख ९४ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १२ | १ | ११ | १२ | १५,९४,००० | ० | ९ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **११** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक** थप बिवरण :- मिति २०७७।५।२८ गते अविरल बर्षाको कारण बाह्रबिसे नगरपालिका वडा नं ७ नाकपुछेमा **पहिरो**ले ७ वटा घर बगाउँदा **३** जनाको **मृत्यु, १६** जना **बेपत्ता** । भिमखर्क स्थित बिक टोलमा **पहिरो** गई २ वटा घर बगाउदा, **३** जनाको **मृत्यु, ३** जना **बेपत्ता** । नेवार टोलमा **पहिरो**ले २ वटा घर बगाउदा **३** जनाको **मृत्यु,** १ जना **बेपत्ता,** । केम्बेमा **पहिरो** जाँदा खेतमा काम गर्न जाने क्रममा **५** जना **घाईते** ।**(हालसम्म ११ जनाको मृत्यु, २० जना बेपत्ता, ५ जना घाईते)**
- **बाग्लुङ**को थप बिवरण :- मिति २०७७।०५।२८ गते अविरल बर्षाको कारण जैमिनी नगरपालिका वडा नं ५ बिनामारे स्थित एक घरमाथिबाट **पहिरो** आई घर पुरिदा बर्ष ७०।७५ की एक महिलाको पुरिएर मृत्यु । जैमिनी नगरपालिका वडा नं १ टुनिबोटस्थित **५ वटा** घर **अविरल बर्षा**को कारण पुर्ण रुपमा क्षति, **१ जना बेपत्ता** ।

## घट्ना सारांश...

- **महोत्तरी**को बर्दिबास नगरपालिका वडा नं २ स्थित हावा महलमा पानी परी ओत लागि बसेको अवस्थामा बर्ष ६० को एक पुरुषलाई अचानक **चट्याङ्ग** लागि **घटनास्थलमै मृत्यु** ।
- **पर्वत**को फलेबास नगरपालिका वडा नं ४ सिर्सुवास्थित एक घर माथिबाट **पहिरो** आई घर बगाई **१ बालिकाको मृत्यु, ४ जना घाईते,** गोठ समेत क्षति भई गोठमा रहेको ३ वटा भैसी, २ वटा गोरु समेतको मृत्यु ।
- **सुनसरी**को कोशी गाउँपालिका वडा नं ३ कोशी घर नजिकै घाँस काटी रहेकोमा कोशी टप्पु वन्यजन्तु आरक्षबाट आएको **जंगली हात्तीले आक्रमण** गर्दा **एक बालिका घाईते** ।
- **नवलपुर पूर्व**को मध्यबिन्दु नगरपालिका वडा नं ३ ब्रम्हस्थानस्थित एक घर पछाडि बारीमा काम गर्ने क्रममा अचानक **गैडाले आक्रमण** गर्दा **१ जना घाईते** ।
- **रुपन्देही**को रोहिणी गाउँपालिका वडा नं ३ लक्ष्मीनगरस्थित एक चिया पसलमा ग्यांस लिक भई अचानक **आगलागी** हुँदा पसलमा रहेको नगद रु.६५००० र भाडावर्तन ,लताकपडा, पसलको सरसमान, ग्यास सिलिण्डर ,पानी तान्ने मोटर समेत जली नष्ट हुँदा **३ लाख ६५ हजार रुपैंया** बरावरको क्षति ।
- **ताप्लेजुङ्ग**को मैवाखोला गाउँपालिका वडा नं २ खानीस्थित एक घर माथिबाट **पहिरो** जाँदा गोठमा बाँधेको १ वटा गाई गोठसँगै बगाई लगेको र १० रोपनी जग्गामा लगाएको धानबाली समेत बगाई **६० हजार रुपैंया** बराबरको क्षति ।
- **ओखलढुङ्गा**को चिसंखुगढी गाउँपालिका वडा नं ७ डाडागाउँस्थित एक घरमा **बर्षा**को कारण पानी पसी पर्खाल लडी **५ लाख रुपैंया** बराबरको क्षति ।
- **दोलखा**को बिगु गाउँपालिका वडा नं १ स्यालुस्थित एक घर माथिबाट आएको **पहिरो**को कारण घर पुर्ण रूपमा क्षति भई खसि १, बाख्रा २ वटाको मृत्यु ।
- **रोल्पा**को रुन्टिगढी गाउँपालिका वडा नं ३ कट्टेधारास्थित एक घरमा सोलारको तार सर्ट हुन गई **आगलागी** हुँदा घर, घर भित्र रहेका सम्पुर्ण समान जलि **३ लाख ७२ हजार रुपैंया** बराबरको क्षति ।
- **डोटी**को दिपायल सिलगढी नगरपालिका वडा नं ४ पिपल्ला बजारमा रहेको न्यु चाँद ट्रेडर्समा बिद्युत सर्ट भई **आगलागी** हुँदा **२ लाख ९७ हजार रुपैंया** बराबरको क्षति ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र जनावर आक्रमणका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको बाह्रबिसे पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

भदौ २८ गते बिहान ०८:४५ बजे देखि भदौ २९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/२९ गते बिहान ०८:४५ बजे १९७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६२ र स्वचालितः १३५) मा मापन गरिएको वर्षाको विवरण अनुसार १२१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१३६.६ मि. मी.) दाङ जिल्लाको बेलझुण्डी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १६ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

भदौ-२९ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता तलै हुने तर कोशी जलाधारका केहि स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब बढ्ने र सतर्कता तलै हुने तर कन्काईका केही स-साना नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, पाचँथर, ताप्लेजुङ, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, ओखलढुङगा, उदयपुर, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, ससरी, धनुषा, सिराहा, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं उपत्यका, मकवानपुर गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्वत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपुर, प्रदेश ५ को परासी, पाल्पा, गुल्मी, दाङ, बाँकै, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, सुदूरपश्चिमको कैलाली, कन्चनपुर र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( **Flash Flood**) हुन सक्ने पूर्वानुमान छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइट:**http://hydrology.gov.np/**